# मकवानपुरगढी गाउपालिका
## गाउ कार्यापालीको कार्यालय
## मकन्चुली,मकवानपुर
## वागमती प्रदेश, नेपाल

**आ.व.२०७८/०७९ को लागि गाउपालिका क्षेत्र वाहिर माटो विक्री शुल्कको ठेक्का बन्दोबस्ती सम्बन्धी सिलवन्दी वोलपत्र आह्ननको सुचना**

**प्रथम पटक प्रकाशित मिति २०७८/५/२८**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अन्तरगत उपदफा २ को खण्ड घ (६) मा भएको व्यवस्था बमोजिम यस कार्यालयको क्षेत्र भित्र पर्ने जग्गा धनिहरुवाट प्राप्त निवेदन अनुसार गाउपालिकावाट स्वीकृत क्षेत्रहरुवाट निकासी, विक्री गरीने माटोको शुल्क वागमति प्रदेश सरकार, आर्थिक ऐन २०७८ तोकिएको प्रति इकाई दररेट अनुसार चालु आ.ब.का लागि बढावढको माध्यमवाट ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो नागरिकताको प्रतिलिपि, फर्मको हकमा नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७६/०७७ सम्म कर तिरेको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र सहित रितपुर्वकको यो १५ दिने शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

सिलवन्दी दरभाउपत्र फारम दस्तुर रु.३,०००.०० (फिर्ता नहुने गरी)

| सि.न. | ठेक्का नं. | ठेक्काको किसिम | शुल्क उठाउन पाउने दररेट | न्युनतम ठेक्का अङ्क (मु.अ.कर वाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०२(०७८/०७९) राजश्व | **माटो निकासि तथा विक्री शुल्क** | माटोको हकमा रु.२.५० | १५,००,०००। | |

प्रस्तावित ठेक्काहरुमा गाउपालिकावाट स्वीकृत निजी जग्गाको परिमाण अनुसार ठेक्का कारोवार सञ्चालन हुनेछ ।

**शर्त तथा बन्देज**

१) चालु आ.व.का लागि कारोवार योग्य नदीजन्य श्रोतको परिमाण र व्यवस्थापन :- गाउपालिकामा निजि व्यक्तीहरुले दिएको निवेदन अनुसार गाउपालिकावाट खटिजाने प्राविधिक कर्मचारिवाट स्वीकृत परिमाण अनुसार माटो निकासि गर्नुपर्ने छ ।

२) ठेक्काको मान्य अवधि :- उत्खनन, संकलनको हकमा असोज देखि वा सम्झौता भएको मिति देखि २०७९ आषाढ मसान्त सम्म कायम रहने छ ।

३) सिलवन्दी दरभाउपत्र मिति ०७८/६/११ गते कार्यालय समय सम्म यस कार्यालयवाट खरिद गर्न सकिनेछ । खरिद गरिएको सिलवन्दी दरभाउपत्रको सुचना प्रकाशित भएको मितिले १६ औ दिन (२०७८/६/ १२) गते दिनको १२ वजे भित्र दर्ता गरि सक्नु पर्ने छ ।

४) रितपुर्वक दर्ता हुन आएका सिलवन्दी दरभाउपत्र १६औ दिन (२०७८/६/ १२) गते २ वजे यस कार्यालयमा सरकारी कार्यालयको प्रतिनिधि सम्बन्धीत सिलवन्दी दरभाउपत्र दाताको प्रतिनिधिको रोहवरमा खोलीने छ । सिलवन्दी दरभाउपत्र दाताको प्रतिनिधि उपस्थीत नभए पनि वोलपत्र खोल्न कुनै वाधा पुग्ने छैन ।वोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोहि समयमा खोलिनेछ ।

५) ठेकेदारका कारण सम्झौता गर्न ढिलाई भएमा कुनै किसिमको छुट वा मिन्हा दिईने छैन । स्वीकृत परिमाणको अभिलेख गाउँपालिका समेतले राख्नेछ सो अनुसार उल्लेखित समय अगावै कारोवार योग्य परिमाण विक्री भएमा तोकिएको समयावधि अगावै ठेक्का स्वत: समाप्त हुनेछ ।

६) सिलवन्दी दरभाउपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम नेपाल वङ्गलादेश वैकको ग ३ हि.न.०६५०००००८४१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको वोलपत्रको म्याद सकिने दिनवाट कम्तीमा ६० दिन म्याद भएको विड बण्ड समेत वोलपत्र साथ अनिवार्य संलग्न हुनु पर्नेछ ।

७) प्राप्त हुन आएका सिलवन्दी दरभाउपत्रदाताहरु दर्ता गर्ने म्याद सकिए लगत्तै सोहि दिन यस कार्यालयमा कार्यालयका प्रतिनिधिहरु र वोलपत्रदाताहरुको रोहवरमा खोलिने छ । साथै प्रस्ताव खोल्ने समयमा वोलपत्रदाताको प्रतिनिधि उपस्थिति नभएमा पनि खोल्न कुनै बाधा हुने छैन ।

८) सिलवन्दी दरभाउपत्रदाताहरुले कवोल गरेको रकमको अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

९) सिलवन्दी दरभाउपत्र स्वीकृति भएको जानकारी पाएको १५(पन्ध्र) दिन भित्र सिलवन्दी दरभाउपत्रले न्यूनतम ४०% नगद कार्यालयले तोकिदिएको खातामा जम्मा गरेको सक्कल भौचर तथा सिलवन्दी दरभाउपत्रमा उल्लेख भए अनुसारको वाँकि ६०% रकम किस्ता वमोजिम जेष्ठ मसान्त भित्र दाखिला गर्नु पर्नेछ । किस्ताको हकमा सम्झौताका वखत नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकवाट यस कार्यालयको नाममा कम्तीमा २०७९ श्रावण मसान्त सम्म म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेन्टी (Performance Bond) सहित संझौता गर्न आउनु पर्नेछ ।

१०) सिलंव्नन्दी दरभाउपत्रको वोल कवोल रकम (कर समेत) एकमुष्ठ नगद वुझाएमा ठेक अंकको वढिमा १० प्रतिशत सम्म औचित्य हेरी निर्णयानुसार छुट दिईने छ । यसका लागि नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकवाट यस कार्यालयको नाममा कम्तीमा २०७९ श्रावण मसान्त सम्म म्याद भएको कवोल रकमको ५% ले हुने रकमको कार्य सम्पादन जमानत बैंक ग्यारेन्टी धरौटि वापत राख्नु पर्नेछ ।

११) कुनै कारण देखाई वा नदेखाई सिलवन्दी दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार मकवानपुरगढी गाउँपालिकामा सुरक्षित रहनेछ ।

१२) यस सम्वन्धी अन्य कुनै जानकारी चाहीएमा कार्यालय समय भित्र यस कार्यालयमा वुझ्न सकिने छ वा यस कार्यालयको वेव साइट www.makawanpurgadhimun.gov.np मा हेर्न सकिनेछ ।

१३) यस सुचनामा उल्लेख भएका कुराहरु यसै सुचना वमोजीम र अन्य कुराहरुको हकमा सार्वजनीक खरीद ऐन,२०६३ सार्वजनीक खरीद नियमावली ,२०६४ , स्थानीय सरकार संचालन ऐन २०७४ र प्रचलीत कानुन वमोजीम हुने छ ।

**प्रमुख प्रशासकिय अधिकृत**